# खाँदबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
संखुवासभा, खाँदबारी

# ढुँगा, गिटी,वालुवा, मिस्कट उत्खनन/संकलन तथा विक्री वितरण कार्यको शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(सूचना प्रकाशित मिति :- २०७६/०४/०६)**

यस कार्यालयबाट आ.व. ०७६/०७७ का लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को १ को (च) र दफा ११ को घ को (६) वमोजिम ढुङ्गा, गिटी, वालुवा जस्ता प्राकृतिक श्रोतमा प्रदेश सरकारले निर्धारण गरेको करको दर अनुसार खाँदवारी नगरपालिकाको राजश्व ऐन २०७६ मा व्यवस्था भए वमोजिम खाँदवारी नगर कार्यपालिकाको मिति २०७६ ०४ ०२ गतेको निर्णयानुसार देहायमा उल्लेखित खोला, नदी नालावाट ढुङ्गा, गिटी, वालुवा,मिस्कट उत्खनन संकलन र नगरक्षेत्र भन्दा वाहिर निकासी शुल्क अशुली सम्वन्धी आ.व. ०७६/०७७ को वाँकी अवधि ( २०७६ असोज १ गते वाट २०७७ जेष्ठ मसान्त सम्म) का लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकासित गरिएको छ । सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र वोलपत्र फारम खरीद गरी १६ औं दिनको मध्यान्न १२:०० वजे सम्म देहायको सर्तवन्देजमा रही रितपूर्वकको सिलवन्दी वोलपत्र पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकासित गरिएकोछ । शुल्क अशुली सम्वन्धी दररेटको विवरण तथा कर संकलन तथा निकासी सम्वन्धी थप शर्तहरु दरभाउपत्रफारम साथ उपलब्ध गराईने छ । साथै दररेट सम्वन्धी विवरण र ठेक्का सम्वन्धी थप जानकारी यस कार्यालयको राजश्व तथा आर्थिक प्रशासन शाखामा कायालय समयभित्र सम्पर्क राखेर वा यस नगरपालिकाको वेभ पेज www.khandbarimun.gov.np वा कार्यालयको सूचनापाटी वाट समेत लिन सकिनेछ ।

| ठेक्का संकेत नं. | कामको विवरण | दरभाउपत्र फारम दस्तुर रु. | उत्खनन/संकलन तथा विक्री वितरण गर्न सकिने परिमाण | न्यूनतम अंक(मू.अ.क. सहित) |
|---|---|---|---|---|
| ०१/०७६ /०७७ | खाँदवारी नगरपालिका भित्रका स्वीकृत IEE प्रतिवेदन वमोजिमका सभा खोला तथा अरुण नदीहरुको नाकाहरुवाट ढुङ्गा, गिटी,वालुवा, मिस्कट उत्खनन संकलन तथा विक्री वितरण कार्य | १,०००।- | ८१०५० घ.मि | २०,००,०००।- |

**शर्तहरु :**

१. दरभाउपत्रदर्ता गर्दा शिलवन्दी खामको वाहिरपट्टी नाम प्रष्ट वुभिने गरी लेख्नु पर्नेछ ।

२.शिलवन्दी दरभाउपत्र फाराम साथ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, आफ्नो ठेगाना भएको स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाणपत्र, सम्वन्धित निकायमा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर सहितको PAN को प्रतिलिपी र आ.व. ०७५/०७६ को आयकर चुक्ता प्रमाणपत्र समेत संलग्न राखी पेश गर्नु पर्नेछ ।

३. धरौटी वापत आफुले कवोल गरको अंकको ५ प्रतिशत रकम यस कार्यालयको नाममा श्री रा.वा.वैक लि. खादवारी शाखाको धरौटी खाता नं. २०८०३०३००७१०२ मा नगद जम्मा गरी सोको दोश्रो प्रति सक्कल भौचर पेश गर्नु पर्ने वा सोही रकम वरावरको क वर्गको वैंकद्धारा यस नगरपालिकाको नाममा जारी गरिएको दरभाउपत्र फारम वुझाउने अन्तिम दिनवाट कम्तीमा ७५ दिनसम्म म्याद भएको वैक ग्यारेन्टी(Bid Bond) सक्कलै पेश गर्नु पर्नेछ ।

४. दरभाउपत्रपेश गर्दा कवोल रकम अंक र अक्षरमा प्रष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ

५. दर्ता भंको वोलपत्रहरु फिर्ता सम्वन्धी व्यवस्था सार्वजनिक खरिद ऐन अनुसार नै हुनेछ ।

६. यो सूचना वमोजिम पर्न आएका कुनै वा सवै वोलपत्रहरु कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहने छ ।

७. कुनै शर्त सहितको दरभाउपत्रस्वीकार्य हुने छैन ।

८. दरभाउपत्रस्वीकृत भई सोको जाकारी प्राप्त भएको ७ दिनभित्र सम्झौता गरिसक्नु पर्नेछ र उक्त अवधि भित्र सम्झौत गर्न नआएमा उक्त वोलपत्रदताको धरौटी जफत गरी दोश्रो वढी कवुल गर्नेलाई दिने प्रकृया नियमानुसार कारवाही अगाडि वढाइनेछ ।

९. ठेक्का स्वीकृत भएपछि सम्वन्धित ठेकेदारले वुझाउनु पर्ने ठेक्का रकम कार्यालयमा दाखिता गर्दा १३ प्रतिशतले हुने मू.अ.क. समेत वुझाउनु पर्नेछ

१०. यस ठेक्काको सन्दर्भमा कुनै पनि स्थानीय तह वा नेपाल सरकारलाई कुनै पनि किसिमको कर, दस्तुर, शुल्क बुझाउनु पर्ने भएमा सो बुझाउने दायित्व ठेकेदारकै हुनेछ ।

११. ठेक्का स्वीकृत भएपछि एकमुष्ठ रकम बुझाउन चाहनेले मू.अ.क. को रकम सहित एकमुष्ठ बुझाउँदा कवोल अंकमा मू.अ.क. को रकम घटाई बाँकी रकममा ५ प्रतिशत छुट दिइनेछ ।

१२. ठेक्का सम्झौता भइसकेपछि बीचमा कुनै कारण देखाई छोड्न पाइने छैन ।

१३. किस्ता बन्दीमा रकम बुझाउन चाहनेले स्वीकृत ठेक्का रकम वरावरको क वर्गको बैंकवाट जारी भएको घटीमा १५ महिना अवधि भएको परफरमेन्स वोण्ड बुझाई ठेक्का रकम ३ किस्तामा बुझाउन सकिनेछ ।

१४. तोकिएको समयमा किस्ता रकम नबुझाएमा प्रचलित कानुन अनुसार जरिवाना गरिने र जेठ मसान्तभित्रमा नबुझाएमा परफरमेन्स बण्डवाट असूल उपर गरिनेछ ।

१५. ठेक्का सकार गर्ने ठेकेदारले नगरपालिकाले तोकेको शुल्क उठाउदा प्रयोग गर्ने रसिदहरु आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयले तोकेको कर्मचारीवाट प्रमाणित गराई कार्यालयमा अभिलेख राखेर मात्र प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरिएको रसिदवाट उठाइएको पाइएमा नियमानुसार कानुनी कारवाही गरिनेछ । साथै रसिदको नमुना कार्यालयवाट उपलब्ध गराइने छ ।

१६. ठेक्का स्वीकृत हुने ठेकेदारले ढुङ्गा, गिटी, वालुवा, मिस्कट उत्खनन/संकलन तथा विक्री वितरण गर्न पाउने नाका, परिमाण र समय IEE प्रतिवेदन अनुसार देहाय वमोजिम हुनेछ ।

अरुण नदीको पूर्वी भाग, सभाखोलाको पश्चिम भाग, वेतीनी खोला, चेवा खोलाहरुवाट ढुङ्गा, गिटी, वालुवा, मिस्कट देहाय वमोजिम तोकिएको स्थान र परिमाणमा उत्खनन/संकलन गर्न पाईनेछ ।

क) चेवा खोला : चेवाखोलाको दुवै किनारवाट ढुङ्गा (८००० घन मिटर)
ख) अरुण नदी : चेवा वेसी स्थित अरुण नदीको बाँयापट्टी ढुङ्गा र वालुवा (२१६०० घन मिटर)
ग) अरुण नदी : अरुण नदी स्थित वेतीनी दोभान ढुङ्गा र वालुवा (८४०० घन मिटर)
घ) वेतीनी खोला : वेतीनी खोला ढुङ्गा (६७५० घन मिटर)
ङ) मनकामना मन्दीर क्षेत्र भन्दा माथि : अरुण नदीको वायाँ किनार (संरक्षित क्षेत्रमा उठाउन नपाउने)
च) मनकामना मन्दीरको तल्लो क्षेत्र लामीवगर : अरुण नदीको वायाँ किनार (संरक्षित क्षेत्रमा उठाउन नपाउने)
छ) अरुण नदी वायाँ तर्फ : दिङ्ला जाने वाटो वालुवा र मिस्कट (५४० घन मिटर)
ज) अरुण नदी र सभाखोलाको दोभान : अरुण नदीको वायाँ किनार ढुङ्गा, वालुवा र मिस्कट (१६८०० घन मिटर)
झ) सभाखोला वडहरेनी पक्की पुल भएको ठाउँ : सभाखोलाको पश्चिम भाग ढुङ्गा, वालुवा र मिस्कट (११२५० घन मिटर)
ञ) आईतवारे देविथान पाखा : सभाखोलाको पश्चिम भाग ढुङ्गा, वालुवा र मिस्कट (६३०० घन मिटर)
ट) सभाखोला पुल क्षेत्र भन्दा ५००मी. माथि : सभाखोलाको पश्चिम भाग ढुङ्गा, वालुवा र मिस्कट (५२५० घन मिटर)
ठ) सभाखोला पुल क्षेत्र भन्दा ५००मी. तल : सभाखोलाको पश्चिम भाग ढुङ्गा, वालुवा र मिस्कट (१६२० घन मिटर)
ड) अरुण सभा दोभान : सभाखोलाको पश्चिम भाग ढुङ्गा, वालुवा र मिस्कट (३२४० घन मिटर)

१७. सम्वन्धित कर संकलनका लागि नगरपालिकाले तोकिएको स्थानहरु वा नाका वाहेक अन्य स्थानहरुवाट ढुङ्गा, गिटी, वालुवा , मिस्कट उत्खनन/संकलन तथा विक्री वितरण वा त्यसको शुल्क उठाउन पाइने छैन ।

१८. तोकिएको नाका र परिमाणभन्दा वढी उत्खनन/संकलन गरी विक्री गरेमा सोवाट हुने हानी नोक्सानी सवै ठेकेदारवाट भराइने छ ।

१९. राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग वा अन्य सडकमा ढाट वा तगारो राखी कर संकलन गर्न पाइने छैन । राखेको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

२०. दरभाउपत्रधरौटी वापत नगदै जम्मा गरिएको भएमा उक्त रकम एकमुष्ठ बुझाउने रकममा समायोजन गर्न पाइने छैन । यस्तो रकम वा दरभाउपत्र जमानत ठेक्का अवधि भएपछि आन्तरिक राजस्व कार्यालयवाट कर समायोजन पत्र लिई पेश गरेपछि मात्र फिर्ता वा फुकुवा दिइने छ ।

२१. यस नगरपालिका वा नेपाल सरकारको हित विपरित हुने कुनै काम गरेमा जुनसुकै वखत पनि ठेक्का तोडी अन्य व्यवस्था गर्न सकिनेछ । यसरी ठेक्का तोडी अन्य व्यवस्था गर्दा पर्ने थप व्ययभार वा क्षति ठेकेदार स्वयंले व्यहोर्ने पर्नेछ।

२२. तोकिएको शुल्क संकलन कार्य गर्दा कुनै व्यवधान वा समस्या परेमो दुई पक्षवीच आपसी छलफलद्वारा समाधान गरिने छ । त्यस्तो छलफलवाट सहमति हुन नसकेमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ । उक्त निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

२३. दरभाउपत्र फाराममा उल्लेख भए वाहेकका कुराहरुको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

२४. वन्द हड्ताल तथा अन्य मानव सृजित कारणहरुवाट सृजना हुने अवरोधका कारण ठेक्का रकम छुट वा मिन्हा दिइने छैन ।

२५. कुनै एक फर्मको नाममा खरिद गरेको दरभाउपत्रफाराम अर्को फर्मको नाममा दाखिला गर्न पाइने छैन ।

२६. ढुङ्गा, गिटी, वालुवा,मिस्कट जस्ता पदार्थहरु नदीवाट उत्खनन गर्दा प्रचलित कानुन तथा कार्यपालिका बैठकको निर्णय तथा निर्देशन पालना गर्नुका साथै नदीको प्राकृतिक वहावलाई प्रतिकुल असर नहुने गरी नदीको Channeling गरेर मात्र उत्खनन गर्नुपर्ने छ ।

२७. ढुङ्गा, गिटी, वालुवा,मिस्कट निकाल्दा अर्काको घरजग्गा, कुलो , वांध , वाटो आदि क्षति हुनेगरी निकाल्न पाइने छैन ।

२८. यस ठेक्काको लागि सम्झौता अवधि २०७७ जेष्ठ मसान्त सम्म मात्र कायम गरिएको छ ।

२९. दरभाउपत्र फाराम साथ पेश गर्ने कागजातहरु नोटरी पब्लिकवाट प्रमाणित भएको हुनु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

३०. दरभाउपत्र फाराममा कवुल गरेको अंक वापतको रकम यस नगरपालिकालाई चुकाउँदा वैंक मार्फत कारोवार गर्न पाइने छैन । कार्यालयले उपलब्ध गराएको वैक खातामा जम्मा गरी सोको भौचर पेश गर्नुपर्नेछ ।

३१. गत विगत वर्षमा यस नगरपालिकालाई ठेक्का रकम तिर्न वांकी वक्यौता रहेको फर्म वा कम्पनीले यो सूचना वमोजिमको ठेक्का प्रकृयामा भाग लिन पाउने छैन ।

३२. पेश भएका शिलवन्दी दरभाउपत्रहरु दाखिला गर्ने अन्तिम दिन दिनको २:०० वजे यसै कार्यालयमा वोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । सो समयमा वोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको उपस्थिती नभएपनि दरभाउपत्रखोल्न वाधा पर्ने छैन ।

३३. दरभाउपत्रफाराम खरिद गर्ने तथा दाखिता गर्ने अन्तिम दिन विदा पर्न गएमा ती कामहरु क्रमशः त्यसपछि कार्यालय खुलेको दिन हुनेछन् ।

३४. ढुंगा, गिटी,वालुवा तथा मिस्कट को दररेट प्रदेश सरकारले तोके अनुसार तपसिल वमोजिमको हुनेछ ।

**निकासी (प्रति घन फिट)**

क) ढुङ्गा र गिटी रु.२।-(दुइ रुपैया मात्र)

ख) वालुवा, माटो (भरौट) रु.१।-(एक रुपैया मात्र)

**उत्खनन/संकलन(प्रति घन फिट)**

क) ढुङ्गा, गिटी, रोडा र ग्रावेल रु.३।-(तिन रुपैया मात्र)

ख) वालुवा रु.२.५०।-(दुई रुपैया पचास पैसा मात्र)

ग) माटो -भरौट र वलौटे) रु. १.२५।-(एक रुपैया पच्चिस पैसा मात्र)

३५. व्याक हु लोडर, डोजर लगायत ठुला मेसिनहरु(Heavy Equipment) को प्रयोग गर्न पाईने छैन ।

३६. उत्खनन,संकलन,विक्री वितरण गर्दा अपनाउनु पर्ने प्रकृया पूर्व शर्त, प्राविधिक मापन मूल्यांकनको आधार स्विकृत IEE अनुसार हुनेछ ।

प्रमखु प्रशासकीय अधिकृत
खांदवारी नगरपालिका